# सार्वजनिक, निजी साझेदारी विषयक राष्ट्रिय गोष्ठीमा नेउवामहासंघ अध्यक्ष कुशकुमार जोशीबाट दिनु भएको स्वागत भाषण

नेपाल सरकार–स्थानीय विकास मन्त्रालय, नेपाल उद्योग वाणिज्य महासंघ र यूएनडिपी (PPPUE-MLD-UNDP) को सक्रिय आयोजनामा आयोजित "नेपालको आर्थिक विकासको लागि सार्वजनिक निजी साझेदारी सम्बन्धि यस राष्ट्रिय गोष्ठी" मा प्रमुख अतिथिको रुपमा सम्माननीय प्रधानमन्त्रीज्यूलाई आम निजी क्षेत्रको बीचमा पाउंदा नेपाल उद्योग वाणिज्य महासंघ एवं म स्वयंलाई ठूलो हौसला एवं गौरवको अनुभूति भएको छ । आफ्नो व्यस्तताका बावजूद यस समारोहको प्रमुख आतिथ्यता गरी दिनु भएकोमा हार्दिक आभार सहित स्वागत गर्न चाहन्छु ।

साथै हाम्रो निमन्त्रणालाई स्वीकार गरी यस समुद्घाटन समारोहमा सम्माननीय प्रधानमन्त्रीज्यू, माननीय मन्त्रीज्यूहरु एवं सम्पूर्ण अतिथिहरुको गरिमामय उपस्थितिले हामीलाई थप प्रेरणा मिलेको छ । यहांहरु सबैमा हार्दिक अभिवादन सहित स्वागत गर्न चाहन्छु ।

"आर्थिक विकासको आधार निजी र सार्वजनिक जब बन्छ साझेदार" भन्ने नाराका साथ PPP को अवधारणाका बारेमा अन्तरराष्ट्रिय अनुभव सुन्न पाउने र राष्ट्रिय अवस्थाको समीक्षा समेत गरी आर्थिक विकासको आधारशिलाा निर्माण गर्ने यस महत्वपूर्ण राष्ट्रिय गोष्ठी नेपालमा प्रथम पटक आयोजना गर्न पाउनु हाम्रो लागि हर्ष एवं सन्तुष्टिको बिषय भएको छ ।

मुलुकले आर्थिक विकासको फांटमा द्रुततर फड्को मार्न सरकारले निजी क्षेत्रलाई एक साझेदारको रुपमा स्वीकार गर्ने र सरकारका आर्थिक विकासका योजनाको कार्यान्वयनमा सकृय सहभागी गराउने सकारात्मक प्रणाली नै सर्वाङ्गिन विकासको सशक्त माध्यम हो भन्ने कुरा भारत, चाइना, भियतनाम जस्ता मुलुकमा विगतको दशकमा भएको आर्थिक उन्नतिले प्रमाणित गरिसकेको कुरा स्वर्गसिद्ध छ । साथै यो नीतिलाई विश्वका अन्य बिभिन्न देशहरुले पनि अगिंकार गरिसकेको तथ्य पनि हामी सामु प्रष्ट नै छ ।

संघिय गणतान्त्रिक नेपालको आर्थिक एवं सामाजिक आधार स्तम्भ सुदृढ बनाउनु पर्ने आवश्यकतामा सरकार, राजनीतिकदलहरु, बौद्धिक व्यवसायिक वर्ग, श्रमजिवीवर्ग सबैको आम सहमति बनिरहेको आजको अवस्थामा राजश्व एवं रोजगारी श्रृजनामा मुख्य भूमिका खेल्ने उद्योग तथा वाणिज्य क्षेत्र सकृयतापूर्वक सहकार्य गर्न हरवखत तत्पर रहेको छ ।

सरकारले हालै व्यवस्थापिका संसदमा पेश गरेको आर्थिक नीति तथा कार्यक्रममा सार्वजनिक–निजी साझेदारी (PPP) को अवधारणालाई एक प्रणाली (System) अन्तरगत विकासका लागि पूंजिगत लगानीमा मुख्य आधारशीला हुने कुरा उल्लेख गरेबाट निजी क्षेत्र उत्साहित भएको छ ।

राज्यको आर्थिक उन्नतिमा सार्वजनिक क्षेत्र र निजी क्षेत्रको सहकार्यलाई अगाडि वढाउन महासंघले विगतमा बिभिन्न कार्यक्रमहरु संचालन गर्दै आएको हो तर त्यस्ता कार्यक्रमहरुको दायरा सिमित रहेको र सार्वजनिक निजी साझेदारीको कार्यलाई दिगो र प्रभावकारी ढंगबाट अगाडि लैजाने दिर्घकालिन नीति र निश्चित प्रणालीको अभावमा त्यस्ता कार्यक्रमहरुको प्रभाव सिमित मात्र रहेको छ। यस सन्दर्भमा यो गोष्ठीले सार्वजनिक निजी साझेदारीको कार्यलाई ठोस नीतिगत आधार र निश्चित कार्यान्वयन प्रणाली तयार गर्ने बाटो प्रसस्त गर्नेछ भन्ने विश्वास महासंघले राखेको कुरा पनि म यहां उल्लेख गर्न चाहन्छु ।

कुनै पनि देशको आर्थिक विकासका लागि निजी क्षेत्रले उच्चस्तरको प्राविधिक, व्यवस्थापकिय र पुंजिगत योगदान सिर्जनात्मक रुपबाट गर्न सक्ने कुरा सर्वत्र स्विकारिएको कुरा हो । त्यस्तै आर्थिक उन्नतिका चुनौतिहरु २१ औ शताब्दीमा केवल सरकार वा सार्वजनिक क्षेत्रको एक्लो प्रयासबाट संभव हुदैन भन्ने तथ्य पनि सबैले बुझेकै कुरा हो । तसर्थ यी दुबै क्षेत्रले आर्थिक उन्नतिका लागि सहकार्य गर्नुको विकल्प छैन भन्ने कुरा स्विकार गरि अगाडि बढनु पर्दछ भन्ने महासंघको धारणा रहेको कुरा म यहां प्रष्ट पार्न चाहन्छु । आर्थिक उन्नतिका लागि सबै प्रतिष्ठानहरुको कार्यस्थलहरु कार्यमैत्रीपूर्ण हुनु पर्दछ भन्ने कुरा पनि उल्लेख गर्न चाहन्छु ।

नेपालमा धेरै अगाडी देखि नै सरकार र निजी क्षेत्र वीच सहकार्य नभएको होइन र विगत दुई दशकको नया राजनितिक परिवेशमा यो सहकार्यले नयां र प्रगतिशिल स्वरुप पक्कै लिएको छ । तथापी सार्वजनिक निजी साझेदारीका लागि

उपयुक्त नीतिगत वातावरण र कार्यप्रणाली विकसित हुन न सकिरहेको अवस्था प्रति पनि उदासिन रहन सकिदैन ।

सरकारले निजी क्षेत्रलाई आफ्नो सहजता र अनुकुलता अनुसार नजिक तान्ने वा टाढा राख्ने प्रवृति र निजी क्षेत्रले पनि आफ्नो मात्र अनुकुलता हर्ने प्रवृतिको घेराबाट वाहिर निस्केर मुलुकको वृहत्तर आर्थिक उन्नतिका लागि इमान्दार सहकार्य गर्ने मनसाय राख्नु पर्दछ र त्यसका लागि मार्ग प्रसस्त गरिनु पर्दछ भन्ने हाम्रो धारणा यहा व्यक्त गर्न चाहन्छु ।

यसै प्रसंगमा सार्वजनिक निजी साझेदारीको अवधारणा अगाडि बढाउनका लागि विभिन्न सवालहरुमा दुवै पक्ष स्पष्ट हुनु पर्ने आवश्यकता देखिन्छ । खास गरि

१. PPP का लागि एकिकृत राष्ट्रिय नीति र स्पष्ट दिर्घकालिन कार्य योजनाको निर्माण गर्ने

२. लगानी प्रवर्धनका नीतिहरुमा PPP को दायरा स्पष्ट पार्ने

३. मुलुकको पूर्वाधार, औद्योगिक र सार्वजनिक सेवाको क्षेत्रमा सरकार र निजी क्षेत्रको भुमिका निश्चित गर्ने

४. अन्तरराष्ट्रिय सहयोग र अन्तरराष्ट्रिय पूजीमा निजी क्षेत्रको पहुंच बढाउने प्रष्ट नीति ल्याउने

५. आर्थिक उन्नतिका व्यवसायिक कृयाकलापहरुमा सरकार आफै सेवा प्रदायकको रुपमा रहने वा सहजकर्ताको भुमिका खेल्ने भन्ने कुरा निर्दिष्ट गर्ने

प्रस्तुत ५ बूंदाहरुलाई ठोस रुपमा कार्यान्वयन गर्न एक उच्चस्तरिय एवं प्रभावकारी “सार्वजनिक, निजी साझेदारी सेल” गठन गर्न अत्यावश्यक छ ।

PPP का विभिन्न तरिका र तिनका सफलताका वारे आगामी दुई दिनमा विद्धान कार्यपत्र प्रस्तोताहरुका व्याख्यान र कार्यपत्रहरुले प्रष्ट पार्ने नै छन्, तसर्थ त्यसवारे मैले भन्नु भन्दा वहांहरुका विचार सुन्नु उपयुक्त ठान्दछु । नेपालको सन्दर्भमा भौतिक पूर्वाधार, स्वास्थ्य, शिक्षा, कृषि, सार्वजनिक सेवा, उर्जा तथा जलविद्युत, संचार, पर्यटन जस्ता क्षेत्रहरु मुलुकको आर्थिक विकासका लागि महत्वपूर्ण क्षेत्र भएको र यी क्षेत्रहरुमा PPP को अवधारणाबाट छोटो अवधिमा दिगो तथा उल्लेखनिय उपलब्धी हासिल गर्न संभव छ भन्ने कुरामा महासंघ

विश्वस्त रहेको कुरा अनुरोध गर्न चाहन्छु । यी क्षेत्रहरुमा नेपालको निजी क्षेत्र संग प्रतिश्पर्धात्मक क्षमता छ भन्ने कुराको पनि विश्वास दिलाउन चाहन्छु ।

सम्माननीय प्रधानमन्त्रीज्यू,

म यहां जोड दिन चाहन्छु कि PPP बारे सबै सरोकारवालाहरु बीच अवधारणात्मक स्पष्टता (Conceptual Clearity) हुनुपर्दछ । अवधारणात्मक स्पष्टता र एउटै बुझाई  नभईकन PPP मा सफलता हासिल गर्न सकिदैन भन्ने मान्यताबाट महासंघले यो कार्यक्रमको आयोजना गरेको हो र यसै कार्यक्रमको माध्यमबाट सरकार तर्फ हामिले सहकार्यको हात अगाडी बढाएका छौं र सरकारका तर्फबाट पनि यस्तै सदासयताको अपेक्षा राखेका छौं ।

शिक्षा, स्वास्थ्य, संचार, उर्जा, पूर्वाधार,  पर्यटन, कृषि जस्ता क्षेत्रमा सरकार र निजीक्षेत्र दुबै ब्यवसायिक रुपमा संलग्न छन्  तर सरकारी क्षेत्रको प्रयासहरु तुलनात्मक रुपमा सफल र दिगो देखिएका छैनन् भन्ने तथ्य सर्वविदितै छ । अत्यावश्यक आधारभूत सेवा प्रदान गर्ने राज्यको दायित्व पुरा गर्ने कार्य सरकारले आफै आंटेर सेवाको गुणस्तर, लगानीको प्रतिफल र दिगोपना प्रति संधै चिन्ता गर्नु पर्ने र आम जनताका गुनासाहरु ब्यहोर्नु पर्ने तर्फ लाग्ने कि निजीक्षेत्र संग सहकार्य गरेर प्रभावकारि रुपमा  ती दायित्वहरु पुरागर्ने भन्ने कुरामा स्पष्ट हुनु पर्ने आजको गहन आवश्यकता हो भन्ने कुरा पनि म यहा उल्लेख गर्न चाहन्छु ।

साझेदारीका मान्यता र आधारहरु स्पष्ट भएमा मात्र स्वामित्व लिन सकिन्छ, स्वामित्व लिए अघि बढ्न सकिन्छ, अन्यथा सकिदैन । आज निजी क्षेत्रले खोजेको नयां नेपाल राजनीतिक एवं सामाजिक रुपान्तरणको मात्र नभई “आर्थिक रुपान्तरण” को हो र आर्थिक एजेण्डा नै अघि आउनु पर्दछ भन्ने हो । यसको लागि PPP को अवधारणा (Concept) नै आर्थिक विकासको लागि सहयोगी पद्दति हुन सक्दछ । यसको लागि सरकार र निजी क्षेत्र वीच समन्वय (Coordination), सहयोग (Cooperation) र आपसी समझदारी र विश्वास (Mutual Understanding and Trust) को आवश्यकता पर्दछ ।

सार्वजनिक निजी साझेदारीको अवधारणालाई अघि बढाउन विगत ५ वर्ष देखि नेपाल उद्योग वाणिज्य महासंघले स्थानिय विकास मन्त्रालय, संयुक्त राष्ट्र विकास कार्यक्रमको शहरी वातावरणको लागि सार्वजनिक निजी साझेदारी

कार्यक्रमहरुसंग सहकार्य गरिरहेको छ र यस कार्यमा उक्त संस्थाहरुको सदस्यता र सहयोगका लागि म हार्दिक आभार व्यक्त गर्दछु ।

उक्त संस्थाहरु संगको सहकार्यमा महासंघले PPP को अवधारणाबाट स्थानिय आर्थिक उन्नतिका कृयाकलापहरु तथा ठूला राष्ट्रिय परियोजनाहरु संचालन गर्ने कार्यनीतिको तर्जुमा गरिरहेको कुरा यहां निवेदन गर्दै यस गोष्ठीमा व्यक्त धारणाहरुले उक्त कार्य नीति तयार गर्ने काममा ठोस योगदान प्रदान गर्ने विश्वास राखेको छु ।

PPP को अवधारणालाई प्रस्ट पार्दै नीतिगत वातावरणलाई उपयुक्त बनाई मुलुकको आर्थिक अग्रगमनलाई द्रुतगती दिन सके राजनैतिक परिवर्तनको क्षेत्रमा मात्र नभई आर्थिक परिर्वतनको क्षेत्रमा पनि नेपालले चमत्कारि उदाहरण पेस गर्न सक्ने छ, भन्ने धारणा महासंघको रहेको कुरा पनि यहां अनुरोध गर्न चाहन्छु ।

नेपालको निजीक्षेत्र आफुलाई मुलुकको उन्नतिमा महत्वपुर्ण योगदान गर्ने जिम्मेवार क्षेत्रको रुपमा प्रमाणित गर्न कटिवद्द रहेको छ। यसका लागि सरकारसंग सवै प्रकारको सहकार्य गर्न तयार रहेको विस्वास पनि सम्माननिय प्रधानमन्त्रीज्यूलाई दिलाउन चाहन्छौं । निजी क्षेत्र पक्कै पनि नाफा चाहन्छ तर राष्ट्रिय स्वार्थ अनुकुल न्यायोचित तथा सामाजिक सम्मानयुक्त नाफा हासिल गर्न चाहन्छ ।

अन्त्यमा, आजका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्रीज्यू, अन्य माननीय अतिथिज्यूहरु एवं PPP विशेषज्ञज्यूहरु प्रति पुनः स्वागत अभिवादन गर्दै आभार व्यक्त गर्दछु तथा दुई दिनसम्म संचालन हुने यस राष्ट्रिय गोष्ठीमा सवैको सक्रिय सहभागिताका लागि आग्रह गर्दछु ।

६ कार्तिक २०६५, काठमाडौं